# चलचित्र तथा वृत्तचित्र उत्पादनका लागि अनुदान सम्बन्धी निर्देशिका, २०७६

आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रदेश नं. ५, बुटवल ।

## चलचित्र तथा वृत्तचित्र उत्पादनका लागि अनुदान सम्बन्धी निर्देशिका, २०७६

**प्रस्तावनाः** प्रदेश भित्रका आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक, भौगोलिक, पर्यटन लगायतका विषयवस्तु समेटेर चलचित्र तथा वृत्तचित्र निर्माण गरी प्रचार प्रसार र प्रवर्द्धनका लागि सम्बन्धित संस्थालाई अनुदान प्रदान गर्ने कार्यलाई व्यवस्थित र नियमित गर्ने उद्देश्यले अनुदान व्यवस्थापन एकीकृत मार्गदर्शन, २०७६ अनुरूप आन्तरिक मामिला तथा कानून मन्त्रालयले यो निर्देशिका बनाएको छ ।

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "**चलचित्र तथा वृत्तचित्र उत्पादनका लागि अनुदान सम्बन्धी निर्देशिका, २०७६**" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो निर्देशिका प्रदेश नं. ५ भर लागु हुनेछ ।

२. **परिभाषाः** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "**मन्त्रालय**" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनुपर्छ ।

(ख) "**चलचित्र**" भन्नाले आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक, भौगोलिक, पर्यटन लगायतका क्षेत्रमा बनेको चलायमान चित्र सम्झनुपर्छ ।

(ग) "**बृत्तचित्र**" भन्नाले आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक, भौगोलिक, पर्यटन लगायतका वस्तुसँग सम्बन्धित रहेर सो विषयलाई तथ्यपरक रूपमा निर्माण गरिएको चलायमान चित्रलाई सम्झनुपर्छ ।

(घ) "**सचिव**" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालयको सचिवलाई सम्झनुपर्छ ।

३. **उद्देश्यः** संघ संस्थालाई अनुदान प्रदान गर्ने कार्यलाई व्यवस्थित र नियमित गर्ने ।

४. **चलचित्र तथा वृत्तचित्र उत्पादन सम्बन्धी प्रस्ताव माग गर्नेः** (१) चलचित्र तथा बृत्तचित्र उत्पादन गर्नका लागि मन्त्रालयले १५ दिने सूचना प्रकाशित गरी चलचित्र तथा वृत्तचित्र उत्पादनसँग सम्बन्धित संघ संस्थाहरुबाट दररेट सहितको शिलबन्दी प्रस्ताव माग गर्नेछ,

(२) उपदफा (१) बमोजिमको सूचना अनुसार पेश भएका प्रस्ताव १५ दिने म्याद समाप्त भएको भोलिपल्ट खोलिने छ ।

(३) निर्धारित चलचित्र तथा वृत्तचित्र उत्पादन गर्न दफा ५ बमोजिमको कागजात र दफा १० बमोजिमको मापदण्डका आधारमा संघ संस्थाहरुलाई छनौट गरी सो को सूचना यस मन्त्रालयको वेबसाइटमा प्रकाशन गरिनेछ ।

५. **<u>प्रस्ताव पेश गर्ने संघ संस्थाहरुले पेश गर्नुपर्ने कागजातहरु:</u>** (१) संघ संस्थाहरुले चलचित्र तथा वृत्तचित्र उत्पादन गर्न प्रस्ताव पेश गर्दा निम्न योग्यता पुरा गरेको हुनुपर्नेछ ।

(क) दर्ता प्रमाणपत्र
(ख) नविकरण गरेको प्रमाणपत्र
(ग) करचुक्ता गरेको प्रमाणपत्र
(घ) लेखा परिक्षण प्रतिवेदन
(ङ) वर्तमान कार्य समितिको निर्णय

(२) योग्यता सम्बन्धी अन्तिम निर्णय छनौट समितिले गर्नेछ ।

६. **<u>निर्देशक समितिको गठन:</u>** सम्झौता बमोजिम चलचित्र तथा वृत्तचित्र उत्पादनको अनुगमन/मूल्याङ्कन तथा आवश्यक निर्देशन गर्न निम्नानुसारको समिति गठन गरिने छ ।

| | |
|---|---|
| (क) मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय | - संयोजक |
| (ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| (ग) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | - सदस्य |
| (घ) प्रमुख, प्रशासन तथा योजना महाशाखा | - सदस्य |
| (ङ) प्रमुख, सुरक्षा समन्वय महाशाखा | - सदस्य-सचिव |

७. **<u>निर्देशक समितिको काम, कर्तव्य र अधिकार:</u>** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन तथा सिफारिस समितिको सिफारिसका आधारमा प्रस्ताव स्वीकृत गर्ने,
(ख) मूल्याङ्कन तथा सिफारिस समितिलाई आवश्यक निर्देशन प्रदान गर्ने,
(ग) छनौट भएका संघ संस्थाहरुको अनुगमन मुल्यांकन गर्ने,
(घ) सम्झौता अनुसार काम भए नभएको विषयमा अनुगमन गरी समय समयमा निर्देशन दिन सक्ने छ । सम्बन्धित संघ संस्थाहरुले उक्त निर्देशनको अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

८. **<u>मूल्याङ्कन तथा सिफारिस समितिको गठन र संचालन:</u>** (१) प्रदेश भित्रका संघसंस्थाहरुबाट प्राप्त भएको प्रस्तावका आधारमा चलचित्र तथा वृत्तचित्र उत्पादन गर्न योग्यता, दररेट, क्षमताका आधारमा दफा १० बमोजिमका मापदण्ड पुरा गरेका संघ संस्था मूल्याङ्कन तथा सिफारिस गर्न निम्नानुसारको समिति रहनेछः-

| | |
|---|---|
| क) प्रमुख, सुरक्षा समन्वय महाशाखा | - संयोजक |
| ख) प्रमुख, प्रशासन तथा योजना महाशाखा | - सदस्य |
| ग) प्रमुख, आर्थिक प्रशासन शाखा | - सदस्य |
| घ) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य |
| ङ) प्रमुख, सुचना समन्वय तथा प्रसारण शाखा | - सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिम गठित समितिले आवश्यक ठानेमा विषयसंग सम्बन्धित बढीमा तीन जनालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

९. **<u>मूल्याङ्कन तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकारः</u>** मूल्याङ्कन तथा सिफारिस समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्ः-

(क) निश्चित मापदण्ड निर्धारण गरी चलचित्र तथा वृत्तचित्र उत्पादनका लागि आवश्यक संस्था छनौट गरी निर्देशक समिति समक्ष सिफारिस गर्ने,

(ख) आर्थिक वर्षको अन्त्यमा प्रतिवेदन तयार गरि निर्देशक समिति समक्ष पेश गर्ने ।

१०. **<u>चलचित्र तथा वृत्तचित्र उत्पादन गर्न संस्था छनौट गर्ने आधारः</u>** चलचित्र तथा बृत्तचित्र उत्पादन गर्ने संस्थाको छनौट देहायको आधारमा गरिने छः-

(क) उत्पादन गर्ने संस्थाको प्राविधिक क्षमता र अनुभव,

(ख) उत्पादन गर्ने विषय सहितको चलचित्र वा वृत्तचित्रको प्रस्ताव,

(ग) दररेट सहितको आर्थिक प्रस्ताव,

(घ) चलचित्र तथा वृत्तचित्र उत्पादन गरेको विवरण (अन्तिम ३ वर्षमा) ।

११. **<u>सम्झौता गर्नेः</u>** (१) चलचित्र तथा वृत्तचित्र उत्पादन गर्न छनौट भएका संघसंस्था र मन्त्रालय बीच निश्चित समयका लागि अनुसुची-१ को ढाँचामा सम्झौता गरिनेछ।

(२) सरकारी स्वामित्वमा रहेका सार्वजनिक निकायसँग उत्पादन र प्रसारण सम्बन्धी सेवा खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को उपदफा १ को खण्ड (घ१) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम ५(क) को व्यवस्था बमोजिम सोझै खरिद गर्न सकिने छ ।

१२. **<u>सम्झौता रद्ध गर्न सकिनेः</u>** सम्झौता बमोजिम संघसंस्थाले चलचित्र तथा वृत्तचित्र उत्पादन नगरेमा मन्त्रालयले सम्झौता रद्ध गर्न सक्नेछ र सम्झौता बमोजिमको अनुदान भुक्तानी लिइसकेको भए सरकारी बाँकी सरह असुलउपर गरिनेछ । त्यस्ता संघ संस्थालाई आवश्यक कारवाहीका लागि सम्बन्धित निकाय समक्ष पत्राचार गरिनेछ ।

**१३. <u>रकम भुक्तानी र कार्यप्रगति विवरण सम्बन्धी व्यवस्थाः</u>** (१) सम्झौता भएपछि सुरुमा बढिमा ३३ प्रतिशत पेश्की स्वरुप दिन सकिनेछ ।सो पश्चात कार्यसम्पादनको प्रगतिको आधारमा दोस्रो किस्ता वापत पहिलो किस्ताको पेश्की रकम फछर्यौट गरि बिल बमोजिम बढिमा थप ४० प्रतिशत रकम भुक्तानी गरिनेछ ।कार्यसम्पन्न भई सम्पुर्ण विल भरपाईहरु तथा प्रतिवेदन मन्त्रालयमा पेश भएपछि बिल र सम्झौता बमोजिम अन्तिम बिलको रकम भुक्तानी गरिनेछ । सम्पुर्ण रकम पेश्की सहित बढिमा ३ किस्तामा भुक्तानी गरिनेछ ।

(२) संघ संस्थाले आफुले उत्पादन गरेको अडियो/भिडियो सामाग्री सहित कार्यप्रगति प्रतिवेदन मूल्याङ्कन तथा सिफारिस समिति समक्ष पेश गर्नुपर्नेछ ।

(३) मूल्याङ्कन तथा सिफारिस समितिले कार्यसम्पन्न भएपश्चात संघ संस्थाहरुबाट चलचित्र तथा बृत्तचित्र उत्पादन भएको प्रतिवेदन निर्देशक समिति समक्ष पेश गर्नुपर्नेछ ।

(४) रकम निकासा तथा भुक्तानी सम्बन्धी अन्य व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

१४. **प्रचलित कानून बमोजिम हुनेः** यस निर्देशिकामा उल्लेख भएको विषयको हकमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१५. **संशोधनः** मन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालयको परामर्श लिई आवश्यकता अनुसार यो निर्देशिका संशोधन गर्न सक्नेछ ।

**अनुसुची-१**

**दफा ११ को उपदफा (१) सँग सम्बन्धित**

प्रदेश सरकार

प्रदेश नं. ५

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बुटवल

र

.......................................................................

बिच भएको सम्झौता पत्र

हामी यस सम्झौता अन्तर्गत दुई पक्ष प्रदेश सरकार, प्रदेश नं. ५ आन्तरिक मामिला तथा कानून मन्त्रालय बुटवल, नेपाल(यस पछि प्रथम पक्ष भनिएको) र ................................................(यस पछि द्वितीय पक्ष भनिएको) का बिचमा ........................................................कार्यक्रम गर्नका लागि प्रथम पक्षको निर्णयानुसार निम्नानुसारको शर्तहरुको अधिनमा रहि दुवै पक्षको मञ्जुरीले यो सम्झौता पत्रमा हस्ताक्षर गरि १/१ प्रति लियौं/दियौं ।

१. अनुदानबाट द्वितीय पक्षले चालु आ.व. भित्रै चलचित्र तथा वृत्तचित्र उत्पादन गर्नुपर्नेछ, प्रगति विवरण समय समयमा मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ । ।

२. चलचित्र तथा वृत्तचित्र उत्पादन भएपछि खर्चको विवरण तथा उपलब्धि सहितको कार्य प्रगति प्रतिवेदन प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

३. उत्पादित सामाग्रीको सर्वाधिकार प्रथम पक्ष र द्वितीय पक्षमा निहित हुने छ। प्रथम पक्षलाई द्वितिय पक्षले उत्पादित सामाग्री उपलब्ध गराउनु पर्नेछ।

४. प्रथम पक्षले ....................................उत्पादन गरे बापत रु..............................रकम द्वितीय पक्षलाई उपलब्ध गराउने छ ।

५. द्वितीय पक्षले उत्पादन गरेको प्रमाण पुग्ने आवश्यक सामाग्री र कागजात पेश गरि भुक्तानीका लागि निवेदन मन्त्रायमा पेश गर्नुपर्नेछ ।

६. द्वितीय पक्षले प्रचलित कानून बमोजिम आय व्ययको लेखा राख्नुपर्नेछ । प्रचलित कानून बमोजिम स्वीकृत लेखापरिक्षकबाट लेखापरिक्षण गराई सो को लेखापरिक्षण प्रतिवेदन मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।

७. सम्झौता गरिए बमोजिमको कार्यक्रममा अनुदान रकम खर्च नगरिए वा अनुदान रकम दुरुपयोग भएको अवस्थामा त्यसको जिम्मेवारी अनुदान लिने संस्था र संस्थाका पदाधिकारीको हुनेछ ।

८. यो सम्झौतापत्रमा लेखिएका कुराहरु यसै बमोजिम हुनेछ र अन्य विषयमा कुनै विवाद भएमा आपसी समझदारीमा विवादको टुङ्गो लगाइने छ । समझदारी कायम हुन नसके प्रचलित कानून बमोजिम हुनेछ ।

९. सम्झौताको अवधि मिति................................देखि ........................................ सम्म कायम रहनेछ । आवश्यक परेमा आपसी सहमतिमा नविकरण गर्न सकिनेछ ।

१०. अनुदानको उपयोग र खर्च गर्दा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिमको प्रकृया पुरा गर्नुपर्नेछ ।

| | |
|---|---|
| **प्रथम पक्षको तर्फबाट** | **द्वितीय पक्षको तर्फबाट** |
| **हस्ताक्षर** | **हस्ताक्षर** |
| **नामः** | **नामः** |
| **पदः** | **पदः** |
| **साक्षी** | **साक्षी** |
| १. | १. |
| २. | २. |

**मिति २०७६ साल ..........महिना........गते.................रोज शुभम् ।**